# कॉँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक








राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : २०६ | शनिवार, २६ वैशाख, २०८३ | Saturday, 9 May 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०


# सरकारी जग्गा खाली गराउने तयारीविरूद्ध भूमिहीन सुकुमबासी आन्दोलित

*वीरेन्द्रनगरमा प्रदर्शन गर्दै सुकुमबासीहरूले वैकल्पिक पुन:स्थापनाबिना आफूहरूलाई हटाउन खोजिएको भन्दै सरकारको कदमको विरोध गरेका हुन् ।*




**काँक्रेविहार संवाददाता**
सुर्खेत, २५ वैशाख

सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण हटाउने सरकारी तयारीविरुद्ध भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरू आन्दोलनमा उत्रिएका छन् । गृह मन्त्रालयको निर्देशनात्मक परिपत्रपछि जिल्ला प्रशासन कार्यालयले स्थानीय तहहरूसँग सार्वजनिक जग्गाको विवरण माग गर्दै अतिक्रमित क्षेत्र खाली गराउने प्रक्रिया अघि बढाएपछि विरोध चर्किएको हो ।

शुक्रबार वीरेन्द्रनगरमा प्रदर्शन गर्दै सुकुमबासीहरूले वैकल्पिक पुनःस्थापनाबिना आफूहरूलाई हटाउन खोजिएको भन्दै सरकारको कदमको विरोध गरेका हुन् । मंगलगढी चोकबाट सुरु भएको र्‍याली बजार क्षेत्र परिक्रमा गर्दै नाराबाजीसहित सम्पन्न भएको थियो । प्रदर्शनमा सहभागीहरूले "पहिले व्यवस्थापन, त्यसपछि मात्रै हटाउने प्रक्रिया" लागू गर्न सरकारसँग माग गरेका छन् ।

आन्दोलनरत पक्षका अनुसार उनीहरू वर्षौंदेखि बसोबास गर्दै आएको स्थानबाट एकाएक हटाउने प्रयास अन्यायपूर्ण भएको बताएका छन् । उनीहरूले वास्तविक भूमिहीन र अव्यवस्थित बसोबासीको अवस्था अध्ययन नगरी डोजर चलाउने र खाली गराउने चेतावनी दिइएको आरोप लगाएका छन् । दैनिक ज्यालादारी गरी गुजारा चलाउने परिवारहरू थप संकटमा पर्ने उनीहरूको भनाइ छ ।

यसैबीच कर्णाली सरकारका मुख्यमन्त्री यामलाल कँडेलले पनि सरकारी जग्गा खाली गराउने नाममा भूमिहीन सुकुमबासीमाथि ज्यादती भइरहेको बताएका छन् । वीरेन्द्रनगर नगरपालिकाको ५० औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा बोल्दै उनले केन्द्र सरकारलाई यस्तो गतिविधि रोक्न आग्रह गरेका हुन् ।

मुख्यमन्त्री कँडेलले कानुन कार्यान्वयनको नाममा जनतालाई त्रसित बनाउने काम भइरहेको टिप्पणी गर्दै लोकतान्त्रिक व्यवस्थामा नागरिकले सुरक्षित र आश्वस्त महसुस गर्न पाउनुपर्ने बताए । वास्तविक अवस्था अध्ययन नगरी बस्ती खाली गराउँदा सर्वसाधारणमा भय र अन्योल सिर्जना भएको उनको भनाइ थियो ।

उता प्रशासनले भने सार्वजनिक सम्पत्ति संरक्षणका लागि कानुनी प्रक्रिया अनुसार काम भइरहेको जनाएको छ । प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्यायका अनुसार गृह मन्त्रालयको निर्देशन अनुसार जिल्लाभर सार्वजनिक जग्गा अतिक्रमणको विवरण संकलन थालिएको छ । स्थानीय तहबाट विवरण प्राप्त भएपछि अतिक्रमित जमिन खाली गराउने प्रक्रिया अघि बढाइने उनले बताए ।

उनले विशेषगरी प्रदेश राजधानीसमेत रहेको वीरेन्द्रनगर क्षेत्रमा विगतदेखि नै सरकारी जग्गा अतिक्रमण बढ्दै गएको उल्लेख गर्दै यकिन तथ्यांक संकलनपछि कानुन अनुसार प्रक्रिया अघि बढाइने स्पष्ट पारे । यसैक्रममा वीरेन्द्रनगर नगरपालिकाले सरकारी जग्गामा बनाइएका घर-टहरा हटाउन ७ दिने अल्टिमेटम दिएको छ । नगरपालिकाले वडा नम्बर ८ मा महिला छात्रावासको पूर्वतर्फ खेलकुद मैदान निर्माणका लागि प्रक्रिया अघि बढाएको भन्दै त्यहाँ निर्माण गरिएका अस्थायी संरचना हटाउन निर्देशन दिएको हो ।

नगरपालिकाले तोकिएको समयभित्र संरचना नहटाए कानुन बमोजिम डोजर प्रयोग गरी हटाइने र त्यसको खर्चसमेत सम्बन्धित व्यक्तिबाट असुल गरिने चेतावनी दिएको छ । त्यस्तै भेरीगंगा नगरपालिका ले पनि वडा नम्बर ११ र १२ क्षेत्रमा सरकारी तथा सार्वजनिक जमिन अतिक्रमण गरी बनाइएका घर-टहरा हटाउन ७ दिने सूचना जारी गरेको छ । नगरपालिका कार्यालय आसपास, औद्योगिक ग्राम क्षेत्र तथा छिन्चु खोला पुल आसपासका क्षेत्रमा सरकारी सडक र जमिन अतिक्रमण गरी संरचना बनाइएको भन्दै हटाउन निर्देशन दिइएको हो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिबहादुर खत्रीले नगर कार्यपालिकाको बैठकले सार्वजनिक तथा सरकारी जमिन अतिक्रमण हटाउने निर्णय गरिसकेको जानकारी दिए । सुर्खेतमा यसअघि पनि सरकारी जमिन खाली गराउने प्रयास भएका थिए । २०८० फागुनमा वीरेन्द्रनगर बजार क्षेत्रका गोदामलाइन, हङकङ बजार र हटिया लाइनका करिब १२५ पसल डोजर लगाएर हटाइएका थिए । नगर विकास समितिको जमिन भाडामा लिएर सञ्चालन गरिएका ती संरचना हटाइएपछि साना व्यवसायी प्रभावित भएका थिए ।

## वर्षौंदेखि जटिल बन्दै समस्या

त्यसअघि घण्टाघर क्षेत्रदेखि मध्यपश्चिम विश्वविद्यालय आसपाससम्म रहेका अस्थायी टहरा हटाउने प्रयास भए पनि केही राजनीतिक दलका कार्यालय भने अझै सरकारी जमिनमै रहेको स्थानीयको गुनासो छ । सुर्खेतमा सरकारी तथा ऐलानी जमिन अतिक्रमणको समस्या वर्षौंदेखि जटिल बन्दै गएको छ । बाबियाचौर, तरङ्गा, साझघाटलगायत पश्चिम सुर्खेतका विभिन्न क्षेत्रमा नागरिकहरू दशकौंदेखि ऐलानी जमिनमा बसोबास गर्दै आएका छन् ।

तत्कालीन भूमि आयोग सुर्खेतको २०७८ सालसम्मको तथ्यांकअनुसार जिल्लामा भूमिहीन सुकुमबासी, दलित तथा अव्यवस्थित बसोबासी गरी १४ हजारभन्दा बढी परिवार थिए। जसमा भूमिहीन सुकुमबासी र दलितको संख्या चार हजार ९० तथा अव्यवस्थित बसोबासीको संख्या नौ हजार ९३८ रहेको उल्लेख छ ।

सोही अवधिमा आठ हजार १ सय ५५ रोपनी जग्गाको नापनक्सा सम्पन्न भए पनि सबैलाई लालपुर्जा वितरण हुन सकेन । केही परिवारले लालपुर्जा पाए पनि अधिकांश अझै कानुनी स्वामित्वविहीन अवस्थामा छन् । सरकारले सार्वजनिक जमिन संरक्षणलाई प्राथमिकता दिएको बताइरहेका बेला सुकुमबासी पक्षले भने दीर्घकालीन पुनःस्थापना नीति, व्यवस्थित आवास र जीविकोपार्जनको सुनिश्चितताबिना बलपूर्वक हटाउने प्रयास स्वीकार्य नहुने अडान लिएको छ । अहिले सुर्खेतमा सरकारी जमिन संरक्षण र भूमिहीन नागरिकको आवास अधिकारबीचको बहस थप तीव्र बनेको छ ।

## माग पूरा नभए बिचल्ली हुने चिन्ता

सुर्खेतमा सरकारी तथा सार्वजनिक जग्गा खाली गराउने तयारी तीव्र भइरहेका बेला आन्दोलनरत भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूले आफ्ना माग सम्बोधन नभए हजारौं परिवार बिचल्लीमा पर्ने चेतावनी दिएकाछन् ।

वर्षौंदेखि ऐलानी तथा सरकारी जमिनमा बसोबास गर्दै आएका नागरिकहरूले वैकल्पिक आवास, पुनःस्थापना र लालपुर्जा व्यवस्थाबिनै हटाउन खोजिएको भन्दै आन्दोलन चर्काएका हुन् ।

उनीहरूका अनुसार तत्काल डोजर चलाएर घर-टहरा हटाइए धेरै परिवार खुला आकाशमुनि बस्न बाध्य बाँकी पृष्ठ ४

# प्रधानन्यायाधीश बनाउने निर्णयविरूद्ध रिट पेस



**काँक्रेविहार संवाददाता**
काठमाडौं, २५ वैशाख

सर्वोच्च अदालतमा मनोजकुमार शर्मालाई प्रधानन्यायाधीश बनाउने संवैधानिक परिषदको निर्णयविरूद्ध ६ वटा रिट पेस भएको छ ।

शुक्रबार सर्वोच्च अदालतमा वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता प्रेमराज सिलवाल, अधिवक्ता विपिन ढकाल लगायतले ६ वटा रिट पेस गरेका हुन् ।

उक्त रिट पेस भए पनि सर्वच्च अदालत प्रशासनले दर्ता गरेको छैन । रिट अध्ययन कै क्रममा रहेको सर्वोच्च अदालतका प्रवक्ता एवं सहरजिस्ट्रार अर्जुनप्रसाद कोइरालाले जानकारी दिए । '६ वटा रिट पेस भएका छन् । अहिले अध्ययनकै क्रममा छ,' उनले भने । बिहीबार बसेको संवैधानिक परिषदको बैठकले चौथो नम्बरमा रहेका न्यायाधीश डा.मनोजकुमार शर्मालाई प्रधानन्यायाधीश बनाउन सिफारिस गरेको हो । उनलाई सिफारिस गर्दा संविधानको शक्तिपृथकीकरणको सिद्धान्त विपरीत भएको र यसले स्वतन्त्र न्यायपालिका ध्वस्त हुने दाबी सहित निर्णय खारेज गर्न माग गरिएको छ । त्यस्तै, एक नम्बरमा रहेकी कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ललाई सिफारिस गर्न समेत माग गरेको छ । संवैधानिक परिषदको निर्णयमा राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहाल र प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दल नेता भिष्मराज आङ्देम्बेले नोट अफ डिसेन्ट लेखेका थिए ।

उक्त निर्णयमा विपक्षी दलहरू नेपाली कांग्रेस र नेकपा एमालेले पनि विरोध जनाएका छन् । सामाजिक सञ्जालहरूमा पनि यसबारे विभिन्न टिकाटिप्पणी भइरहेका छन् ।

परिषदले चौथो नम्बरमा रहेका शर्मालाई सिफारिस गरेपछि शुक्रबार बिहान सर्वोच्च अदालतका न्यायाधीशहरू छलफलमा समेत बसेका थिए । छलफलमा बसेपछि पेसी सूची निस्किन समेत ढिला भएको थियो ।

# २७ जना नेपाली कम्बोडियाको कारागारमा, ठगीमा परेकालाई उजुरी गर्न आग्रह

**काँक्रेविहार संवाददाता**
काठमाडौं, २५ वैशाख

थाइल्याण्डको बैंककस्थित नेपाली राजदूतावासले विवरण सङ्कलनका लागि आह्वान गरेअनुसार हालसम्म कम्बोडियामा रहेका २११ जना नेपालीले अनलाइन फाराम भरेका छन् । यसमा ९ जना महिला रहेका छन् ।

प्राप्त तथ्याङ्कअनुसार यी नेपालीहरू सन् २०२२ मेदेखि २०२६ मे महिनाको अवधिमा कम्बोडिया पुगेको देखिएको छ । दूतावासले विवरण उपलब्ध गराएकामध्ये ट्राभल डकुमेन्ट आवश्यक पर्ने व्यक्तिहरूको कागजात तयार गरी कम्बोडिया पठाइसकिएको जानकारी दिएको छ ।

कम्बोडियामा रहेका नेपालीहरूमध्ये २७ जना विभिन्न




अभियोगमा पुर्पक्षका लागि त्यहाँका विभिन्न कारागारमा थुनामा रहेका छन् । दूतावासले पुर्पक्षको प्रक्रियाका क्रममा स्थानीय भाषा जान्ने वकिल आवश्यक पर्न सक्ने भन्दै सम्बन्धित पक्षलाई सचेत गराएको छ ।

यस्तै पछिल्लो समय २५ जना नेपालीहरू कम्बोडियाबाट नेपाल फर्किने क्रममा रहेको सूचना प्राप्त भएको छ । यात्रालाई सहज बनाउन दूतावासले कनेक्टिङ फ्लाइट भएको टिकट मात्र खरिद गर्न सुझाव दिएको छ । कनेक्टिङ फ्लाइट नहुँदा ट्रान्जिट मुलुकको भिसा चाहिने र लगेज पुनः चेक-इन गर्नुपर्ने झन्झटले यात्रा कठिन हुन सक्ने दूतावासको भनाइ छ ।

कम्बोडिया पुगेका नेपालीहरूले त्यहाँ पुग्ने क्रममा विभिन्न व्यक्तिहरूलाई २ देखि ८ लाख रुपैयाँसम्म बुझाएको विवरण दूतावासमा प्राप्त भएको छ। यसरी ठगीमा परेका व्यक्तिहरूलाई नेपाल फर्किनासाथ काठमाडौंको बबरमहलस्थित मानव बेचबिखन अनुसन्धान ब्युरोमा उजुरी दर्ता गर्न दूतावासले अनुरोध गरेको छ ।

दोषीलाई कानुनी कारबाही गराउन र बुझाएको रकम असुलउपर गर्ने प्रक्रिया अघि बढाउन यो कदम आवश्यक रहेको दूतावासले उल्लेख गरेको छ ।


**सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।**


# 'सरकारले देखाएको क्रूरता विगतमा देखेको थिइनँ'

**काँक्रेविहार संवाददाता**
काठमाडौं, २५ वैशाख

नेपाली कांग्रेसका सभापति गगन थापाले सुकुम्बासी बस्ती हटाउँदा सरकारले देखाएको क्रूरता र बर्बरता पहिलोपटक देखेको बताएका छन् । शुक्रबार एक कार्यक्रममा बोल्दै उनले सरकारले विषयान्तर गर्ने प्रयासमा पनि सुकुम्बासी बस्तीमा डोजर चलाएको बताए ।

'क्रूरता र बर्बरतापछि कम्फर्टेवल फिल गर्ने कुरा निकट र विगतमा देखेको थिइन । यो खालको क्रूरता र बर्बरता राज्य चलाउँदै गर्दा जति क्रूर भए पनि हुन्छ ? जति बर्बर भए पनि हुन्छ सोच ठीक छैन', थापाले भने ।

'राज्य चलाउँदै गर्दा मसँग करुणा हुनुपर्छ । मसँग विवेक हुनुपर्छ । मैले न्याय गर्नुपर्छ,' उनले भने, 'कानुन प्रयोग गर्दैगर्दा बल पनि प्रयोग गर्नुपर्छ । बल प्रयोग गर्दैगर्दा त्यो अन्तिम हतियार हो । मैले बल प्रयोग गर्दैगर्दा नागरिकको सबैकुरा हेर्नुपर्छ । यसमा राज्य सञ्चालन गर्नेको सोचले पनि निर्धारण गर्छ', थापाले थपे ।

# सुकुम्बासी बस्ती नहटाउन सरकारलाई सर्वोच्चको आदेश

**काँक्रेविहार संवाददाता**
काठमाडौं, २५ वैशाख

सर्वोच्च अदालतले सुकुम्वासी बस्ती नहटाउन सरकारका नाममा अन्तरिम आदेश दिएको छ । सुकुम्बासी बस्तीलगायत कहीँकतै भत्काउने काम नगर्न र यथास्थितिमा राख्न आदेश भएको हो ।

न्यायाधीशद्वय कुमार रेग्मी र नित्यानन्दा पाण्डेको इजलासले शुक्रबार अन्तरिम दिँदै विस्थापितहरूको हकमा आवासदेखि शिक्षा, स्वास्थ्य र खाद्यान्न उलब्ध गराउनसमेत भनेको छ ।

'...सुकुम्बासी र अव्यवस्थित वसोबासलाई घर टहरा हटाउने कार्य सम्पन्न भइसकेको भए पनि थप स्थानमा घर टहरा हटाउने गरी कारबाही हुन सक्ने त्रासपूर्ण अबस्था रहेकोले कानूनको उचित प्रक्रियाबेगर घरवारविहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई विस्थापित नगर्न र विस्थापन भएकालाई उचित मानवीय आवश्यकता पूर्ति गर्न गराउन तत्काल अन्तरिम आदेश आवश्यकता रहेको भन्ने निवेदक तर्फका विद्वान कानुन व्यावसायीहरूको बहस




जिकिरबाट खुलेको देखिँदा सम्पन्न भइसकेको कार्यको हकमा सम्म तत्काल अन्तरिम आदेश जारी गरि रहन परेन,' आदेशमा भनिएको छ ।

अन्तरिम आदेश जारी गर्दा सर्वोच्चले सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूलाई विस्थापन गर्दा कानुनको उचित प्रक्रिया अवलम्बन नगर्दा शिक्षा, स्वास्थ्य, आवासलगायतका हकमा अपूरणीय क्षति हुने बताएको छ ।

'...बासस्थानबाट हटाउँदा, शिक्षा, स्वास्थ्य, आवास लगायतका हकमा हुन जाने अपुरणीय क्षति एवं उत्पन हुन सक्ने मानवीय संकट समेतलाई दृष्टिगत गरी सो सम्बन्धमा मन्त्रिपरिषदको २०८२ चैत १३ बाट स्वीकृत शासकीय सुधार सम्बन्धी कार्य सूचीको बुँदा नं. ९१ मा उल्लेखित मापदण्ड एवं प्रकृया र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०८३ वैशाख १७ गतेको सबै नगरपालिका र गाउँपालिकाको नामामा जारी परिपत्र एवं गृह मन्त्रालयको वैशाख १७ को पत्रबाट निर्दिष्ट चरणबद्ध प्रक्रिया अवलम्बन नगरी सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जबरजस्ती बस्तीबाट हटाउने वा विस्थापित गर्ने कार्य नगर्न नगराउनु,' सर्वोच्चले भनेको छ ।

'...सुकुम्बासी र अव्यवस्थित बसोबासीको दीर्घकालीन व्यवस्थापन गर्न लागिएको र सबै उठाएका सुकुम्बासीहरूलाई मानवोचित व्यवहार एंव आधारभूत आवश्यकता उपलब्ध गराइएको भनी इजलास समक्ष जानकारी गराउनु भए पनि बस्तीबाट उठाइएका सबै सुकुम्बासीहरूलाई आधारभूत आवश्यकता परिपूर्ति नभएको भन्ने निवेदक एवं राष्ट्रिय मानव अधिकार आयोगका तर्फबाट समेत समस्या औल्याइएको,' सर्वोच्चको आदेशमा भनिएको छ ।

# शनिवार

# संविधान, अदालत र अध्यादेशको राजनिति




वैशाख १७ गतेका लागि आह्वान गरिएको संसद् अधिवेशन अचानक स्थगित गरी सरकारले राष्ट्रपति समक्ष विभिन्न अध्यादेश सिफारिस गऱ्यो । सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३; सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३; विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३; स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३; सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३; केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ राष्ट्रपतिबाट जारी भइसकेका छन् । संवैधानिक परिषद् (पहिलो संशोधन) अध्यादेश २०८३ लाई भने राष्ट्रपतिले फिर्ता पठाएका थिए । बहुमतीय प्रणालीलाई जीवन्त र निरन्तर राखिराख्न अध्यादेशमाथि पुनर्विचारका लागि राष्ट्रपति रामचन्द्र पौडेलले सरकारलाई सन्देश दिए। तर सरकारले सोही अध्यादेश पुनः राष्ट्रपति कार्यालय पठाएपछि जारी भयो ।

अहिले झन्डै दुईतिहाइ बहुमत भएको सरकारले संसद् छलेर यी अध्यादेश ल्याउनु अलोकतान्त्रिक र सार्वभौम संसद्को अपमान भएको भन्दै कतिपयले आलोचना गरेका छन् । संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा राष्ट्रपतिले भने जस्तै बहुमतीय प्रणाली जीवन्त र निरन्तर नहुने अवस्था भएको हो त? यो आलेख यसै विषयमा केन्द्रित हुनेछ।

अध्यादेश र संविधान

अध्यादेश जारी गर्ने कार्यलाई सरकारले संविधान र कानूनसम्मत भनेको छ। कानूनमन्त्री सोविता गौतमले 'अध्यादेश कुनै छद्म उद्देश्य पूर्तिका लागि ल्याइएको नभई, राम्रो र छिटो काम गर्न र सरकारलाई अझ प्रभावकारी रूपमा जनताका मुद्दा समाधान गर्न सजिलो बनाउन ल्याइएको' भनेकी छन् । रास्वपा सभापति रवि लामिछानेले पनि 'विगतमा भएका अनावश्यक दलीयकरण र गलत नियुक्तिलाई सच्याउन तथा आवश्यक सुधार गर्न कानूनी दायरामा बसेर गरिँदै गरेको अभ्यास' भन्दै अध्यादेशको बचाउ गरेका छन् ।

मूलभूत रूपमा भन्दा सरकारले राम्रो र छिटो कामका लागि कुनै छद्म उद्देश्य पूरा गर्न नभई विगतको गल्ती सच्याउने प्रयासका रूपमा प्रस्तुत गरेको छ। तर मुख्य प्रश्न- के राम्रो र छिटो कामका लागि अध्यादेश जारी गर्न संविधानले दिन्छ?

नेपालको संविधानको धारा ११४ मा 'संघीय संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्ने' व्यवस्था छ। यसरी जारी भएको अध्यादेश ऐनसरह लागू हुन्छ। त्यस्तो अध्यादेश जारी भएपछि बसेको संघीय संसद्को दुवै सदनमा पेस गरिने र पेस गरेको ६० दिनभित्र पारित नभए स्वतः निष्क्रिय हुने व्यवस्था छ। अर्थात्, अध्यादेश जारी गर्ने केही शर्त छन् ।

पहिलो शर्त, संसदको दुवै सदनको अधिवेशन चालु नरहेको अवस्था हुनुपर्छ । दोस्रो, तत्काल कारबाही गर्नुपर्ने आवश्यक परिस्थिति हुनुपर्छ । तेस्रो, मन्त्रिपरिषद्को सिफारिस हुनुपर्छ । चौँथो शर्त, जारी भएको अध्यादेश सदनको अधिवेशन प्रारम्भ भएको ६० दिनभित्र सदनले अनुमोदन नगरे स्वतः निष्क्रिय हुन्छ।

मूलतः अध्यादेशसम्बन्धी शर्तहरू प्रक्रियागत देखिएता पनि धारा ११४ मा रहेको 'तत्काल केही गर्न आवश्यक परेमा' भन्ने वाक्यांशले यस अधिकारको संवैधानिक सीमा कोरेको छ। सरकारले राम्रो काम छिटो र असल नियतले गरेको आधारमा मात्र अध्यादेश संविधानसम्मत हुँदैन । 'तत्काल केही गर्न आवश्यक परेमा' भन्ने प्रावधानलाई अदालतमा कसरी व्याख्या हुन्छ, सो आधारमा अध्यादेश संविधानसम्मत छ कि छैन भन्ने निर्धारण हुन्छ।

अदालत र अध्यादेश

अध्यादेश कानूनसरह भए पनि यो शर्तसहितको हो । नेपालको शासकीय स्वरूप लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय प्रणालीमा अधारित छ। संसदीय व्यवस्थामा कानून बनाउने थलो व्यवस्थापिका हो। कार्यपालिकाले व्यवस्थापिकाले बनाएको कानून बमोजिम कार्य सम्पादन गर्ने हो । त्यसैले संसद्ले बनाउने कानून नियमित हो भने, अध्यादेश अपवाद हो। तसर्थ, कार्यपालिका आफैले कानून जारी गर्दा शक्तिको दुरूपयोग गर्नसक्ने भएकाले अध्यादेश जारी गर्ने अधिकारका शर्तलाई कठोरताका साथ लागू गर्नुपर्छ भन्ने संवैधानिक मान्यता छ। अध्यादेशको प्रावधान नेपालको संविधानमा मात्र नभई विशेषगरी दक्षिण एशियाली राष्ट्रका संविधानमा पनि छ । तर अध्यादेशको संवैधानिक सीमा कसरी र कति हुने भन्ने व्याख्या सम्बन्धित राष्ट्रका अदालतले आफ्नो लोकतान्त्रिक अभ्यासको आधारमा गर्दै आएका छन् । नेपालमा पनि अध्यादेशको विषय सर्वोच्च अदालतमा धेरै मुद्दामा परीक्षण भएको छ । सारमा सर्वोच्चले कार्यपालिकको यस अधिकारलाई फराकिलो प्रकारले व्याख्या गरेको छ।

पछिल्लो समयमा मात्र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७, र त्यस्तै अध्यादेश २०७८ मा जारी गरी कुल ५२ जना संवैधानिक पदाधिकारीको नियुक्ति गर्ने कार्यविरुद्धको मुद्दामा सर्वोच्चको संवैधानिक इजलासले केही बोलेको थियो । उक्त फैसलामा न्यायाधीशद्वय मनोजकुमार शर्मा र कुमार चुडालले संविधानको धारा ११४ बमोजिम मन्त्रिपरिषद्ले अध्यादेश जारी गर्न सक्ने र संवैधानिक निकायमा ठूलो संख्याका प्रमुखलगायत पदाधिकारी रिक्त भएकोले ती निकायलाई क्रियाशील बनाउन विद्यमानता प्रकट भएकोले संविधान बमोजिम नै अध्यादेश जारी भएको ठहर गरेको थिए । जुन विद्यमानताको आधारलाई न्यायाधीश सपना प्रधान मल्लले पनि समर्थन गरेकी थिइन्। उक्त फैसलामा अल्पमतमा परेका प्रधानन्याधीश प्रकाशमान सिंह राउत र न्यायाधीश नहकुल सुवेदीले मुद्दाको तथ्यमा आधारित भई फरक मत राखेका थिए। तर अध्यादेशको संवैधानिक सीमाको व्याख्यामा भने फरक मत थिएन।

हुन त, नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ ले साबिक नागरिकता ऐनमा रहेका प्रावधानलाई अध्यादेश जारी गरी परिवर्तन गरेको उपर मुद्दा दायर हुँदा संवैधानिक इजलासले अध्यादेश जारी गर्ने कार्यलाई सीमाङ्कन गर्ने प्रयास गरेको थियो। उक्त मुद्दाको अन्तरिम आदेशमा अदालतले 'कार्यकारिणी अंगलाई प्रदान गरिएको अध्यादेश जारी गर्ने अधिकार अंकुश वा सीमारहित भने नहुने व्याख्या गरेको छ । संघीय संसद्को दुवै सदनको अधिवेशन नचलेको अवस्थामा 'तत्काल उत्पन्न परिस्थितिको सामना गर्न कुनै विषयमा कानून निर्माण गर्नु परेमा' मात्र जारी गर्न सकिने भनी अध्यादेशको सीमासम्बन्धी अन्तरिम व्याख्या गरेको थियो। तर उक्त मुद्दा फैसला हुँदाको समयमा नागरिकता अध्यादेश जारी गर्न नसकी स्वतः निष्क्रिय भइसकेको थियो, त्यसैले अध्यादेश बदर माग उपर रिट जारी भएको थिएन । त्यसैले अहिले संविधानको धारा ११४ को व्याख्या बमोजिम 'अवस्थाको विद्यमानता' सरकारले पुष्टि गर्न सकेको अवस्थामा अध्यादेशलाई संवैधानिक स्वीकारोक्ति प्राप्त हुने देखिन्छ। राजनिति, व्यवस्था र अध्यादेश

अध्यादेश यस्तो शक्ति हो, जसको प्रयोगलाई प्रतिपक्षले सधैँ विरोध गर्छन्। तर सत्तामा पुगेपछि उही शक्तिको प्रयोग गरेर शासन चलाउँछन्। यो विगतदेखिकै बेथिति हो। भारत स्वतन्त्रता आन्दोलनमा होमिएका जवाहरलाल नेहरुले अध्यादेशलाई 'लादिएको अपमान' भनेका थिए। जब उनी भारतको प्रथम प्रधानमन्त्री बने, उनको शासनकालमा १०२ वटा अध्यादेश जारी भए।

नेपालमा पनि निरंकुश शासनविरुद्ध लडेका नेतृत्वले सत्तामा पुगेपछि अध्यादेशलाई आफ्नो राजनितिक स्वार्थको निम्ति प्रयोग गरे । अहिले बालेन शाह नेतृत्वको सरकारले देखाएको कार्यशैली पनि फरक देखिँदैन ।

शक्ति प्रयोगकर्ताहरू हरेक निर्णयलाई 'असल नियत र परिस्थितिको उपज' भन्दै औचित्य पुष्टि गर्न खोज्छन्। तर एउटा तितो सत्य के हो भने, राजकाजमा गरिने अधिकांश निर्णय अन्ततः राजनीतिक स्वार्थमै आधारित हुन्छन्। त्यसैले अहिले जारी अध्यादेशमा सरकारको असल नियत छ वा छैन भन्ने बहसभन्दा, यसलाई विगतको राजनितिक स्वार्थलाई विस्तापित गर्दै नयाँ राजनितिक स्वार्थलाई स्थापित गर्ने प्रयासको रूपमा बुझ्दा बढी यथार्थपरक हुन्छ।

संस्थागत रूपमा हेर्दा, अध्यादेशको प्रवृत्तिले संसदीय व्यवस्था र लोकतान्त्रिक अभ्यास दुवैलाई कमजोर बनाउँछ । संसद्को भूमिकालाई छल्ने प्रवृत्ति बन्दै गर्दा अन्ततः संसद् 'रबर-स्ट्याम्प'मा सीमित हुने दिशातर्फ जान्छ, जुन नेपालको अभ्यासले देखाइरहेको छ। नेपाल त्यस्तो राष्ट्र हो, जहाँ संसद्मार्फत कानून निर्माण प्रक्रियामा समेत खुलेआम प्रश्न उठ्ने गरेको छ। जस्तै, निजामती विधेयकको मस्यौदामा देखिएको 'कुलिङ अफ पिरियड' सम्बन्धी व्यवस्थामा संसदभित्रै किर्ते भएको थियो। त्यसैले अध्यादेशलाई सहज रूपमा स्वीकार गर्नु बस्तुगत हुँदैन । नेपालको बस्तुगत आवश्यकता छिटो कानूनभन्दा पनि पारदर्शी, स्पष्ट र उत्तरदायी कानूनको हो । यस्तो कानून केवल संसद्भित्र गहिरो बहस, विधेयकको विस्तृत समीक्षा र जनस्तरमा छलफलपछि मात्र सम्भव हुन्छ।

# एआईको लहरमा नेपाली युवा: प्रविधिले जुराएको नयाँ अवसर



सरोज बानियाँ

आज हामी ठ्याक्कै त्यस्तै अर्को एउटा महान र युगान्तकारी क्रान्तिको सँघारमा छौँ, जसलाई हामी आर्टिफिसियल इन्टेलिजेन्स (एआई) भन्दछौँ । यो केवल प्रविधिको विकास मात्र होइन, यो त मानव सामर्थ्य र भविष्यको नयाँ डिभिजन हो । हिजोसम्म हलिउडका कल्पना र कथामा मात्र सीमित रहेको मेसिनरी चेतना आज हाम्रो खल्तीको स्मार्टफोनदेखि कार्यकक्षसम्म आइपुगेको छ । विशेषगरी नेपाली युवाहरूका लागि एआई केवल एउटा सफ्टवेयर मात्र नभई विश्व बजारमा प्रतिस्पर्धा गर्ने एउटा शक्तिशाली ब्रह्मास्त्र बनेको छ। यसले हाम्रो कामलाई गति मात्र दिएको छैन, बरु मानिसको सोच्ने, सिक्ने र सिर्जना गर्ने परम्परागत ढर्रालाई नै पूर्णतः बदलिदिएको छ। कृत्रिम बौद्धिकता अर्थात् एआईको प्रयोग र विस्तारसम्बन्धी पछिल्लो तथ्याङ्कले विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय स्तरमा यसको अभूतपूर्व प्रभावलाई पुष्टि गरेको छ। डाटारिपोर्टल डिजिटल २०२६ को पछिल्लो विश्वव्यापी प्रतिवेदन अनुसार, सन् २०२६ को सुरुवातसम्म विश्वभर एआईका विभिन्न मञ्चहरूमा सक्रिय प्रयोगकर्ताको संख्या १.५ अर्ब नाघेको छ । यसमध्ये च्याटजीपीटी एक्लैले साप्ताहिक रूपमा ९० करोड प्रयोगकर्ताहरूलाई सेवा दिइरहेको छ भने मोबाइल एप्लिकेसनको माध्यमबाट मासिक रूपमा करिब ५९ करोड मानिसहरू यसमा आबद्ध छन् । माइक्रोसफ्ट एआई इकोनोमी इन्स्टिच्युटको अध्ययनले विश्वका ८८ प्रतिशत व्यावसायिक प्रतिष्ठानहरूले आफ्नो कार्यप्रणालीमा कुनै न कुनै रूपमा एआईलाई आत्मसात गरिसकेको देखाउँछ।

दक्षिण एसियाली क्षेत्रमा एआईको लहर विश्वव्यापी औसतभन्दा पनि तीव्र देखिएको छ। बोस्टन कन्सल्टिङ ग्रुप को सन् २०२६ सर्वेक्षणले दक्षिण एसियाली क्षेत्रका ७८ प्रतिशत कामदारहरूले हप्तामा कम्तिमा एक पटक एआईको प्रयोग गर्ने गरेको तथ्य सार्वजनिक गरेको छ । विशेषगरी भारतमा एआई प्रयोगकर्ता ९२ प्रतिशत पुगेर दक्षिण एसियामै नेतृत्वदायी भूमिका खेलिरहेको छ भने दक्षिण एशियाका करिव ५७ प्रतिशत उपभोक्ताहरू परम्परागत सेवाको तुलनामा एआईमा आधारित स्वचालित संवाद प्रणालीसँग अन्तरक्रिया गर्न बढी रुचाउँछन्।

नेपालको सन्दर्भमा पनि एआईको प्रयोग आशालाग्दो ढंगले बढिरहेको छ। कार्य टेक्नोलोजीको सन् २०२६ मार्चको तथ्याङ्क अनुसार, नेपालमा दैनिक करिब ३ लाख ५० हजार मानिसहरूले एआईका पोर्टलहरू प्रयोग गर्ने गर्छन् भने मासिक सक्रिय प्रयोगकर्ताको संख्या १३ देखि १५ लाख को बीचमा रहेको अनुमान गरेको छ। बजार हिस्साको हिसाबले स्ट्याट काउन्टरले नेपालमा च्याटजीपीटीको हिस्सा ७२.८६ प्रतिशत (करिब ८ लाख १२ हजार मासिक प्रयोगकर्ता) र गुगल जेमिनीको हिस्सा १४.७६ प्रतिशत (करिब ३ लाख ८ हजार मासिक प्रयोगकर्ता) रहेको उल्लेख गरेको छ । यसरी नेपालको कुल कार्य-उमेर समूहका करिब १३ प्रतिशत नागरिकहरू अहिले "जेनेरेटिभ एआई" सँग प्रत्यक्ष रूपमा जोडिएका छन्, जसले नेपालको डिजिटल रूपान्तरणमा एआईको बढ्दो र अनिवार्य उपस्थितिलाई प्रमाणित गर्दछ।

अहिलेको डिजिटल युगमा अत्याधिक प्रभाव पारिरहेका १० उत्कृष्ट एआई उपकरणहरू र तिनले हाम्रो दैनिक जीवनमा पारेको सकारात्मक प्रभावबारे नेपाली युवाहरुले उपयोग गरी मनग्य लाभ त लिन सकिरहेको छैन तर ती एआई एप्सहरु सँग गहिरो परिचय बनाउन सकेको छ।

नेपालको सन्दर्भमा पनि एआईको प्रयोग आशालाग्दो ढंगले बढिरहेको छ। कार्य टेक्नोलोजीको सन् २०२६ मार्चको तथ्याङ्क अनुसार, नेपालमा दैनिक करिब ३ लाख ५० हजार मानिसहरूले एआईका पोर्टलहरू प्रयोग गर्ने गर्छन् भने मासिक सक्रिय प्रयोगकर्ताको संख्या १३ देखि १५ लाख को बीचमा रहेको अनुमान गरेको छ।

**१. च्याटजीपीटीः संवाद र ज्ञानको नयाँ ढोका**

अहिलेको समयमा "एआई" भन्ने बित्तिकै धेरैको मानसपटलमा च्याटजीपीटीको नाम आउँछ । ओपनएआईले विकास गरेको यो प्रविधिले मानिससँग संवाद गर्ने शैलीलाई नै बदलिदिएको छ । एउटा विद्यार्थीका लागि जटिल विषय बुझाउने गुरुदेखि एक लेखकका लागि शब्द चयन गरिदिने सहयोगीसम्म, यसको भूमिका बहुआयामिक छ। जटिल कानुनी दस्तावेज तयार पार्ने होस् वा सामान्य घरायसी इमेल, च्याटजीपीटीले मानिसको घण्टौँको मेहनतलाई मिनेटमै नतिजामा बदलिदिएको छ। यसले हामीलाई सिकाएको छ कि प्रविधि केवल मेसिन होइन, यो एक बौद्धिक सहयात्री पनि बन्न सक्छ। तर त्यसलाई कसरी चलाउने र त्यसबाट के कति लाभ लिने बारे स्वमं प्रयोगकर्ताकै हातमा निर्भर रहन्छ।

**२. गुगल जेमिनीः सूचना खोज्ने आधुनिक र सटीक शैली**

हामीले वर्षौँदेखि गुगल सर्च प्रयोग गर्दै आएका छौँ, तर "जेमिनी" ले सूचना खोज्ने त्यो शैलीलाई झन् परिष्कृत बनाएको छ। गुगलका अन्य सेवाहरू जस्तै जीमेल र डक्ससँग प्रत्यक्ष जोडिएकाले यसले प्रयोगकर्ताको कामलाई अझ एकीकृत र सहज बनाउँछ । कुनै पनि विषयमा विस्तृत अनुसन्धान गर्नुपर्दा वा वास्तविक समयको तथ्याङ्क विश्लेषण गर्नुपर्दा जेमिनीले एक कुशल अनुसन्धानकर्ताको भूमिका निर्वाह गर्छ । विशेषगरी योजनाकार र उद्यमीहरूका लागि यो एउटा भरपर्दो तथा सजिलो डिजिटल साथीको रुपमा दिनप्रतिदिन महत्व बढ्दै गईरहेको छ।

**३. क्यानभा म्याजिक स्टुडियोः सिर्जनात्मकतामा सबैको पहुँच**

क्यानभाको म्याजिक स्टुडियोले एउटा सामान्य व्यक्तिलाई पनि व्यावसायिक डिजाइनरको दर्जामा पुऱ्याइदिएको छ । जटिल र महँगा सफ्टवेयर नबुझ्केका युवाहरूले पनि एआईको सहयोगमा आकर्षक भिजुअल र ग्राफिक्स तयार पार्न सक्छन् । फोटोबाट अनावश्यक वस्तु हटाउने वा आफ्नो कल्पनालाई शब्दमा लेखेर चित्रमा उतार्ने काम यसले जादुमयी ढंगले गरिदिन्छ। यसले गर्दा साना व्यवसायी, युवा तथा विद्यार्थीहरूलाई आफ्नो प्रस्तुतिमा "प्रोफेसनल" देखिन निकै सजिलो बनाईदिएको छ।

**४. ग्रामरलीः विश्वबजारमा सञ्चारको आत्मविश्वास**

नेपाली युवाहरूका लागि अन्तर ाष्ट्रिय बजारमा जोडिन अंग्रेजी भाषा एउटा महत्वपूर्ण कडी हो । ग्रामरलीले एआईको प्रयोग गरेर लेखाइलाई शुद्ध मात्र बनाउँदैन, त्यसको भाव (टोन) लाई पनि मिलाइदिन्छ। यसले गर्दा कार्यालयका इमेल वा शैक्षिक असाइनमेन्टहरू लेख्दा युवाहरूमा एउटा बेग्लै आत्मविश्वास पैदा हुन्छ। यसले भाषाको अवरोधलाई हटाएर प्रभावकारी सञ्चारको वातावरण निर्माण गरिदिएको छ।

**५. मिडजर्नीः कल्पनालाई तस्विरमा बदल्ने प्रविधि**

मिडजर्नीले एआई र कलाको बिचमा एउटा शक्तिहाली पुल निर्माण गरेको छ। "हिमालको टाकुरामा बसेर कफी पिइरहेको रोबोट" भनेर कमाण्ड दिने बित्तिकै यसले उच्च गुणस्तरको कलाकृति तयार पारिदिन्छ। यसले विज्ञापन एजेन्सी, आर्किटेक्ट र फिल्म उद्योगमा "कन्सेप्ट आर्ट" तयार पार्ने प्रक्रियालाई नयाँ उचाइ दिएको छ। यसले हाम्रो कल्पनाको कुनै सिमाना हुँदैन भन्ने कुरालाई डिजिटल रूपमा प्रमाणित गरिदिएको छ।

**६. ओटर एआईः बैठकहरूको स्मार्ट व्यवस्थापन**

आधुनिक कार्यस्थलमा लामो समयसम्म बैठक बस्ने र त्यसपछि बैठकमा भएका छलफलका मुख्य बुँदाहरू तयार पार्ने काम सधैं झन्झटिलो र समय खर्चिलो हुने गर्दछ। यही समस्याको समाधानका रूपमा "ओटर एआई" एउटा शक्तिशाली सहयोगी सावित भएको छ । यसले बैठकमा बोलिएका प्रत्येक शब्दलाई कृत्रिम बौद्धिकताको प्रयोग गरी तुरुन्तै र शुद्धताका साथ अक्षरमा रूपान्तरण गरिदिन्छ । यसको सबैभन्दा ठूलो विशेषता भनेको फरक-फरक व्यक्तिको आवाज पहिचान गर्न सक्ने क्षमता हो, जसले गर्दा कुन कुरा कसले बोल्यो भन्ने स्पष्ट विवरण तयार हुन्छ।

# शिक्षा क्षेत्रको गुणस्तर सुधारमा नगरपालिकाको सक्रियता



❒ काँक्रेविहार संवाददाता
सल्यान, २५ j}zfv

वनगाढ कुपिन्डे नगरपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यसहित विषयगत शिक्षक क्षमता विकास तालिम सञ्चालन गरेको छ।

नगरपालिकाले अङ्ग्रेजी, गणित र विज्ञान विषय अध्यापन गराउने शिक्षकका लागि पाँचदिने विशेष प्रशिक्षण कार्यक्रम आयोजना गरेको जनाएको छ। तालिममार्फत शिक्षकलाई आधुनिक शिक्षण विधि, विद्यार्थीमैत्री कक्षा सञ्चालन, विषयवस्तुलाई व्यवहारिक र कथामूलक शैलीमा प्रस्तुत गर्ने तरिकाबारे प्रशिक्षण दिइएको छ ।

सहभागी शिक्षकहरूले तालिमले कक्षाकोठामा शिक्षण सिकाइ प्रक्रियालाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्। गणित शिक्षक सन्तोष शर्मा ले तालिमबाट कठिन विषयलाई सरल र रोचक तरिकाले विद्यार्थीसमक्ष प्रस्तुत गर्ने सीप हासिल भएको बताए।

उनका अनुसार सैद्धान्तिक ज्ञानलाई व्यवहारिक उदाहरण र कथा वस्तुसँग जोडेर पढाउने विधि सिक्न पाउँदा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन सहज हुने अपेक्षा गरिएको छ। उनले शिक्षकलाई समय-समयमा यस्ता व्यावसायिक तालिम उपलब्ध गराउनु सकारात्मक कदम भएको धारणा राखे।

नगरपालिकाका प्रमुख कर्णबहादुर बुढाथोकी ले शिक्षा क्षेत्रलाई पालिकाको प्रमुख प्राथमिकतामा राखेर विभिन्न सुधारात्मक कार्यक्रम अघि बढाइएको जानकारी दिए। उनले सामुदायिक विद्यालयप्रति अभिभावक र विद्यार्थीको विश्वास बढाउन शिक्षण पद्धति, भौतिक पूर्वाधार र प्रविधिमैत्री वातावरण विकासमा जोड दिइएको उल्लेख गरे।

नगरपालिकाको शिक्षा शाखाका वरिष्ठ शिक्षा अधिकृत टीकाराम आचार्य ले यस आर्थिक वर्षभित्र शिक्षक क्षमता अभिवृद्धि, अभिभावकसँग अन्तरक्रिया, विद्यालय व्यवस्थापन सुदृढीकरण तथा प्रविधिमैत्री शिक्षण प्रणाली विस्तार सम्बन्धी कार्यक्रम सञ्चालन गरिने बताए। उनका अनुसार विद्यालय सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रधानाध्यापक तथा लेखापालका लागि व्यवस्थापन तालिमसमेत सञ्चालन गरिनेछ।

त्यसैगरी सूचना प्रविधि (आईटी) स्रोत शिक्षक क्षमता विकास कार्यक्रममार्फत शिक्षकलाई डिजिटल माध्यम प्रयोग गरी अध्यापन गर्न सक्षम बनाउने योजना अघि सारिएको छ। पालिकाले प्रत्येक विद्यालयमा ई-हाजिरी प्रणाली लागू गर्ने तयारी गरेको छ, जसबाट विद्यार्थी र शिक्षकको नियमित उपस्थितिको अभिलेख व्यवस्थित हुने अपेक्षा गरिएको छ। प्रमुख प्रशासकीय अधिकृत गोकर्ण पन्थी का अनुसार यही महिनाभित्र १६ वटा विद्यालयलाई कम्प्युटर र प्रिन्टर सेट उपलब्ध गराइनेछ भने १३ वटा विद्यालयमा सौर्य ऊर्जा (सोलार) प्रणाली जडान गरिने तयारी गरिएको छ।

विद्युत् पहुँच कमजोर भएका विद्यालयमा सोलार प्रणाली जडान भएपछि प्रविधिमैत्री शिक्षण क्रियाकलाप सञ्चालन गर्न सहज हुने विश्वास लिइएको छ। नगरपालिकाले शिक्षामा प्रविधिको प्रयोग बढाउँदै शिक्षकको क्षमता विकास, विद्यालय व्यवस्थापन सुधार र भौतिक पूर्वाधार विस्तारलाई एकसाथ अघि बढाएको जनाएको छ।

स्थानीय तहको यस पहलले सामुदायिक विद्यालयको शैक्षिक स्तर उकास्न तथा विद्यार्थीलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

# हिल्सा नाकाबाट व्यापार सुचारू

❒ काँक्रेविहार संवाददाता
हुम्ला, २५ वैशाख

चीनसँग सीमा जोडिएको हिल्सा नाका बाट हुने आयात-निर्यात व्यापार पुनः सञ्चालनमा आएको छ। केही दिनदेखि बन्द रहेको व्यापारिक गतिविधि बिहीबारदेखि नियमित भएपछि सीमावर्ती क्षेत्रमा आर्थिक गतिविधि फेरि सक्रिय बनेको छ।

चीनको तिब्बतस्थित ताक्लाकोट क्षेत्रमा मे दिवसको अवसरमा सार्वजनिक बिदा परेका कारण नाकाबाट सामान आयात रोकिएको थियो। गत शनिबार देखि बुधबारसम्म चीनतर्फबाट कुनै पनि व्यापारिक सामान नेपाल भित्रिन पाएको थिएन। बिदाको अवधिमा चीन सरकारले सीमावर्ती व्यापारिक गतिविधिमा अस्थायी रोक लगाएपछि हिल्सा नाका सुनसान बनेको थियो।

स्थानीय व्यापारी, ढुवानी व्यवसायी तथा सर्वसाधारणले दैनिक उपभोग्य सामग्रीको आपूर्ति प्रभावित भएको बताएका थिए। यारी नाका भन्सार कार्यालय का प्रमुख रामराज जैसी ले चीनतर्फको बिदा समाप्त भएसँगै बिहीबारदेखि पुनः सामान आयात सुरु भएको जानकारी दिए।

उनका अनुसार अहिले ताक्लाकोटबाट खाद्यान्न, लत्ताकपडा, निर्माण सामग्री, इलेक्ट्रोनिक सामान तथा दैनिक उपभोग्य वस्तुहरू नेपाल भित्रिन थालेका छन्। उनले भने मे दिवसका कारण केही दिन नाका पूर्ण रूपमा प्रभावित भएको थियो।



अहिले पुनः व्यापारिक गतिविधि सञ्चालनमा आएकाले बजार आपूर्ति सहज बन्दै गएको छ। सामान आयात बन्द हुँदा भन्सार राजस्व संकलनमा समेत असर परेको थियो। व्यापार रोकिएपछि केही दिनसम्म भन्सार कार्यालयमा राजस्व संकलन हुन सकेको थिएन।

यद्यपि मानिसहरूको आवतजावत भने पूर्ण रूपमा बन्द गरिएको थिएन। सीमावर्ती क्षेत्रका नागरिकलाई आवतजावत गर्न अनुमति दिइएको भए पनि कुनै पनि प्रकारका सामान ओसारपसारमा रोक लगाइएको थियो। चार महिनापछि पुनः सञ्चालनमा आएको यारी नाका भन्सार कार्यालयले सञ्चालनको पहिलो पाँच दिनमै १४ हजार रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ।

अब व्यापार नियमित भएसँगै राजस्व संकलनमा उल्लेख्य वृद्धि हुने अपेक्षा गरिएको छ। भन्सार कार्यालयका अनुसार आगामी दिनमा चीनबाट आउने सामानको मात्रा बढ्दै गए राजस्वमा पनि सकारात्मक प्रभाव पर्नेछ।

स्थानीय व्यापारीहरूले हिल्सा नाका सञ्चालन भएपछि बजारमा देखिएको उपभोग्य वस्तुको अभाव हट्ने विश्वास व्यक्त गरेका छन्। केही दिन व्यापार बन्द हुँदा खाद्यान्न, लत्ताकपडा तथा निर्माण सामग्रीको आपूर्ति प्रभावित भएको थियो। ढुवानीमा अवरोध हुँदा व्यापारीले आर्थिक क्षतिसमेत बेहोर्नुपरेको बताएका छन्।

हिल्सा नाका कर्णाली प्रदेशको उत्तरी क्षेत्रमा चीनसँग व्यापार गर्ने प्रमुख नाका मानिन्छ। विशेष गरी हुम्लाका स्थानीय बासिन्दा दैनिक आवश्यक सामग्रीका लागि ताक्लाकोट बजारमा निर्भर रहने गरेका छन्। यस नाकामार्फत वर्षेनि ठूलो परिमाणमा खाद्यान्न, लत्ताकपडा, जुत्ता-चप्पल, इलेक्ट्रोनिक सामग्री तथा निर्माण सामग्री आयात हुँदै आएको छ।

स्थानीय सरोकारवालाले नाका सञ्चालनलाई अझ व्यवस्थित र दीर्घकालीन बनाउन दुवै देशबीच नियमित समन्वय आवश्यक रहेको बताएका छन्। सीमावर्ती व्यापारलाई सहज बनाउन पूर्वाधार सुधार, भन्सार व्यवस्थापन सुदृढीकरण तथा यातायात पहुँच विस्तार गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

व्यापार पुनः सञ्चालनसँगै हुम्लाको उत्तरी क्षेत्रको आर्थिक गतिविधि चलायमान बन्नुका साथै स्थानीय बजारमा उपभोग्य सामग्रीको आपूर्ति सहज हुने अपेक्षा गरिएको छ।

# विद्युतको अनुपात बढाउन सर्वोच्चको आदेश



❒ काँक्रेविहार संवाददाता
कालीकोट, २५ वैशाख

फुकोट कर्णाली जलविद्युत आयोजनाबाट नेपालले निःशुल्क रूपमा प्राप्त गर्ने विद्युतको अनुपात बढाउन सर्वोच्च अदालतले सरकारलाई निर्देशनात्मक आदेश दिएको छ।

अदालतले आयोजनामा नेपालको लगानी र हितलाई ध्यानमा राख्दै हाल तय गरिएको २१.९ प्रतिशत निःशुल्क बिजुलीको अनुपात पुनरावलोकन गरी यथासम्भव वृद्धि गर्न आवश्यक संशोधन सहित समझदारी कार्यान्वयन गर्न आदेश दिएको हो।

गत मे २०२३ मा सरकारी स्वामित्वको विद्युत उत्पादन कम्पनी लिमिटेड (VUCPL) र भारत सरकारअन्तर्गतको नेसनल हाइड्रोइलेक्ट्रिक पावर कर्पोरेसनबीच आयोजना विकास सम्बन्धी समझदारीपत्र (एमओयू) भएको थियो।

उक्त समझदारीपत्रको धारा पाँचको उपधारा ५.१ अनुसार आयोजना व्यावसायिक रूपमा सञ्चालनमा आएपछि नेपालले २१.९ प्रतिशत विद्युत निःशुल्क प्राप्त गर्ने व्यवस्था गरिएको थियो। अदालतले जारी गरेको आदेशमा नेपाल सरकारले तयारी गरिसकेको उच्च प्रतिफलयुक्त आयोजनाबाट केवल २१.९ प्रतिशत मात्र निःशुल्क विद्युत प्राप्त गर्ने व्यवस्था नेपालको हितअनुकूल नदेखिएको उल्लेख गरिएको छ।

आदेशमा नेपाल सरकारको लगानी अनुपात र दीर्घकालीन लाभलाई ध्यानमा राखी निःशुल्क ऊर्जा प्राप्तिको हिस्सा बढाउने गरी समझदारीपत्र संशोधन गर्न भनिएको छ। विद्युत उत्पादन कम्पनी लिमिटेड (VUCPL) का निमित्त प्रमुख कार्यकारी अधिकृत हिरामान वाइबा ले अदालतको आदेश कार्यान्वयनका लागि भारतीय साझेदार एनएचपीसीलाई औपचारिक छलफलका लागि पत्राचार गरिएको जानकारी दिए।

उनका अनुसार ऊर्जा सचिव चिरञ्जीवी चटौत को अध्यक्षतामा बसेको कम्पनी सञ्चालक समितिको बैठकले अदालतको आदेश अनुसार प्रक्रिया अघि बढाउने निर्णय गरिसकेको छ। कालीकोट जिल्ला स्थित कर्णाली नदीमा निर्माण हुने चार सय ८० मेगावाट क्षमताको फुकोट कर्णाली आयोजनाको अनुमानित लागत करिब ९२ अर्ब रुपैयाँ रहेको छ।

आयोजनालाई नेपाल र भारतको संयुक्त लगानीमा निर्माण गर्ने योजना अघि बढाइएको छ। यस विषयमा कालीकोटका एशुदाकुमारी बराल र अजयबहादुर शाही ले १३ मंसिर २०८० मा तत्कालीन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत निकायविरुद्ध रिट निवेदन दर्ता गरेका थिए।

सोही रिटमाथि सुनुवाइ गर्दै अदालतले १६ भदौ २०८२ मा आदेश जारी गरेको हो। अदालतले आयोजनाको कार्यतालिका पुनःनिर्धारण गर्न पनि निर्देशन दिएको छ। आदेश अनुसार समझदारी भएको मितिदेखि रिट दायर भएको समय सम्मको अवधि हटाएर अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा आदेश प्रविष्टि भएको मितिलाई आधार मानी १२ महिनाभित्र आयोजना कार्यान्वयन सुनिश्चित हुने गरी नयाँ समयसीमा तय गर्न भनिएको छ।

भीयूसीएलका अनुसार अदालतमा परेको मुद्दाका कारण आयोजनामा करिब छ महिनाको समय प्रभावित भएको छ। कम्पनीले उक्त समयावधि आयोजनाको संशोधित कार्यतालिकामा समावेश गरिने जनाएको छ। एनएचपीसी र भीयूसीएलबीच भएको समझदारी पत्रको अवधि दुई वर्षको थियो। उक्त म्याद मे २०२५ मै समाप्त भइसकेको भए पनि हालसम्म नवीकरण गरिएको छैन।

समझदारीपत्रको धारा पाँचको उपधारा ५.२ मा आयोजना व्यावसायिक रूपमा सम्भाव्य नभएको अवस्थामा दुवै पक्षले "राम्रो नियत" मा वैकल्पिक मोडालिटी तथा निःशुल्क ऊर्जाको परिमाणबारे पुनः छलफल गर्न सक्ने व्यवस्था गरिएको छ। सोही प्रावधानलाई आधार बनाएर एनएचपीसीले २१.९ प्रतिशतभन्दा बढी निःशुल्क बिजुली उपलब्ध गराउँदा आयोजना आर्थिक रूपमा सम्भाव्य नहुने अनौपचारिक धारणा राख्दै आएको बताइएको छ।

पूर्वऊर्जा सचिव दिनेश घिमिरे ले अदालतको आदेशपछि दुवै पक्षबीच वार्तामार्फत सहमति खोजिनुपर्ने बताए। उनका अनुसार आयोजनाको वित्तीय सम्भाव्यता कायम रहने गरी नेपालले पाउने निःशुल्क विद्युतको परिमाण निर्धारण गर्नुपर्नेछ। उनले अरुण तिन जलविद्युत आयोजना को उदाहरण दिँदै २१.९ प्रतिशत निःशुल्क बिजुलीको मोडेल त्यस आयोजनामा सम्भव भएकाले फुकोट कर्णालीमा पनि कम्तीमा सोही स्तर कायम गरिएको बताए।

अदालतले आयोजना निर्माणको प्रगति नियमित रूपमा अनुगमन गर्नसमेत निर्देशन दिएको छ। आदेश अनुसार आयोजना विकास अवधि वा आयोजना सम्पन्न नहुँदा सम्म संयुक्त उपक्रमले प्रत्येक छ-छ महिनामा फैसला कार्यान्वयन निर्देशनालयमा प्रगति प्रतिवेदन बुझाउनु पर्नेछ।

भीयूसीएलका अनुसार आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भइसकेको छ भने वातावरणीय प्रभाव मूल्यांकन अन्तिम चरणमा पुगेको छ। आयोजनाका लागि आवश्यक जग्गा अधिग्रहण प्रक्रिया पनि सम्पन्न भइसकेको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार २०८२ असार मसान्तसम्म आयोजना अध्ययन तथा पूर्वनिर्माण कार्यमा एक अर्ब ५३ करोड ९९ लाख रुपैयाँ खर्च भइसकेको छ।

नेपाल सरकार र भारतीय साझेदारबीचको सहकार्यमा अघि बढिरहेको यो आयोजना कर्णाली क्षेत्रको ठूलो जलविद्युत परियोजना मध्ये एक मानिन्छ।

# वन अतिक्रमणले सयौँ हेक्टर क्षेत्र प्रभावित

❒ काँक्रेविहार संवाददाता
डडेलधुरा, २५ वैशाख

डडेल्धुरा मा पछिल्ला वर्षहरूमा वन अतिक्रमण तीव्र रूपमा बढ्दै गएको पाइएको छ। जिल्लाको करिब ७५ प्रतिशत भूभाग वन क्षेत्रले ओगटे पनि सडक विस्तार, बसाइँसराइ र अव्यवस्थित बस्ती विस्तारका कारण सयौँ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको तथ्याङ्क सार्वजनिक भएको हो।

डिभिजन वन कार्यालय डडेल्धुरा का अनुसार जिल्लाभर हालसम्म तिन सय ६३ दशमलव ३८ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ। आर्थिक वर्ष २०५५/०५६ यता वन क्षेत्र अतिक्रमण बढ्दै गएको कार्यालयले जनाएको छ। जिल्लाको कुल क्षेत्रफल एक लाख ५३ हजार आठ सय हेक्टरमध्ये करिब एक लाख १५ हजार हेक्टर भूभाग वनले ढाकेको छ।

महाभारत पर्वत शृंखला, चुरे क्षेत्र तथा नदी-खोला आसपासका उर्वर भूभागमा पछिल्लो समय बस्ती विस्तार र खेतीपाती बढ्दै जाँदा वन क्षेत्र संकुचित बन्दै गएको देखिएको छ। डिभिजनल वन अधिकृत भीमप्रसाद कडेल ले सडक विस्तार र राजमार्ग आसपास बढ्दो बस्ती विकासले वन अतिक्रमणलाई थप तीव्र बनाएको बताए। उनका अनुसार आर्थिक वर्ष २०७८/०७९ देखि अतिक्रमित क्षेत्र हटाउने अभियान सुरु गरिएको भए पनि समस्या पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको छैन।

हालसम्म ४६ दशमलव ३२ हेक्टर क्षेत्रबाट अतिक्रमण हटाइएको उनले जानकारी दिए। महाकाली राजमार्ग अन्तर्गत कैलाली-डडेल्धुरा सडक खण्डको दायाँ-बायाँ क्षेत्रमा समेत अतिक्रमण बढेको पाइएको छ। हाल पाँच मिटर चौडाइ रहेको कालोपत्रे सडकलाई ५० मिटर फराकिलो बनाउने योजना रहे पनि सडक क्षेत्रभित्रै घर, पसल र अन्य संरचना निर्माण गरिँदै आएको बताइएको छ।

वन कार्यालयले केही दिनअघि गैराबजारदेखि अनारखोली सम्मको क्षेत्रको लागत सङ्कलन गरेको जनाएको छ। यद्यपि सडक क्षेत्राधिकारको स्पष्ट कित्ताकाट अझै नभएकाले व्यवस्थापनमा चुनौती देखिएको छ। वन अधिकृत कडेलका अनुसार वन ऐनमा वन क्षेत्रबाहेक 'ऐलानी' वा 'प्रति' जमिनको स्पष्ट व्यवस्था नभएकाले धेरै ठाउँमा कानुनी जटिलता उत्पन्न भइरहेको छ।

उनले व्यक्ति, संस्था तथा सडक क्षेत्राधिकारबाहेक अधिकांश भूभाग वन क्षेत्रमै पर्ने भएकाले त्यहाँ निजी स्वामित्व दर्ता गर्न नमिल्ने स्पष्ट पारे। स्थानीयवासीका अनुसार २०३२ सालतिर महाभारत क्षेत्रमा सडक निर्माण सुरु भएपछि वन क्षेत्र अतिक्रमण बढ्न थालेको हो। सडक पहुँच विस्तारसँगै साहुखर्क, मेलखर्क, भातकाँडा, स्वाउने, भालुमारे र अनारखोली जस्ता स्थानमा बस्ती विस्तार तीव्र बनेको छ।

स्थानीय नारायण देउवा का अनुसार सडक निर्माणको सुरुआती समयमा साहुखर्क क्षेत्रमा केही गोठ र खर्क मात्रै थिए। अहिले त्यहाँ दर्जनौँ पसल, होटल र घर निर्माण भइसकेका छन् भने स्थानीयले खेतीपाती समेत गर्दै आएका छन्।

वन विभागको अध्ययनअनुसार महाभारत वन क्षेत्रको कुल ५३ हजार हेक्टरमध्ये ४२ हजार दुई सय ८७ हेक्टर क्षेत्रमा मात्रै वन बाँकी रहेको छ भने बाँकी क्षेत्रमा बस्ती विस्तार भइसकेको छ।

पछिल्लो एक दशकमा मात्रै झन्डै १८ हजार हेक्टर क्षेत्र अतिक्रमणमा परेको अनुमान गरिएको छ। यस्तै चुरे क्षेत्रको भित्री मधेशमा पहाडबाट बसाइँसराइ बढेसँगै वन तथा उर्वर भूमि अतिक्रमण थप बढेको वन कार्यालयले जनाएको छ।

परशुराम नगरपालिका र आलिताल गाउँपालिका क्षेत्र महाकाली नदी, रङ्गुन र पन्तुरा खोलालगायतका जलाधार क्षेत्र भएकाले खेतीका लागि उपयुक्त मानिन्छन्। सिँचाइ सुविधा सहज भएका कारण नदी तथा खोला किनारका अधिकांश भूभाग खेती र बस्ती विस्तारका लागि प्रयोग हुन थालेको वन कार्यालयको भनाइ छ।

वन कार्यालयले मन्त्रालयको निर्देशनअनुसार अतिक्रमित भूमिको विवरण सङ्कलन गरी जिल्ला प्रशासन कार्यालयमा पठाइसकेको जनाएको छ। प्रशासनले अतिक्रमण हटाउन आवश्यक प्रक्रिया अघि बढाएसँगै वन कार्यालयले पनि थप अभियान सञ्चालन गर्ने तयारी गरेको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# निःशुल्क माटो परीक्षणमा १२५ किसान लाभान्वित



❒ काँक्रेविहार संवाददाता
बाँके, २५ वैशाख

कोहलपुर नगरपालिकाको कृषि विकास शाखाले किसानलाई वैज्ञानिक खेतीतर्फ आकर्षित गर्ने उद्देश्यले सञ्चालन गरेको निःशुल्क माटो परीक्षण शिविरबाट एक सय २५ किसान लाभान्वित भएका छन् ।

दुई दिनसम्म नगरपालिका परिसरमा सञ्चालन गरिएको शिविरमा किसानहरूले आफ्नो खेतबारीको माटो परीक्षणका लागि नमुना ल्याएका थिए । कृषि विकास शाखाका कृषि प्राविधिक यज्ञबहादुर रोकाय ले कोहलपुर नगरपालिकाका १५ वटै वडाका किसानहरूले शिविरमा सहभागिता जनाएको जानकारी दिए । उनका अनुसार किसानहरूले विभिन्न समस्या देखिएका खेतको एक सय २५ वटा माटो नमुना परीक्षणका लागि बुझाएका छन् ।

शिविर माटो तथा मल परीक्षण प्रयोगशालाको प्राविधिक सहयोगमा सञ्चालन गरिएको हो । परीक्षणका लागि सङ्कलन गरिएका नमुनाहरू प्रयोगशालामा पठाइएको र एक-दुई दिनभित्र रिपोर्ट प्राप्त भएपछि किसानलाई माटोको अवस्थाबारे विस्तृत जानकारी उपलब्ध गराइने जनाइएको छ ।

कृषि प्राविधिक रोकायका अनुसार परीक्षणपछि माटोमा आवश्यक पोषक तत्व, अम्लीय वा क्षारीय अवस्था तथा उर्वराशक्ति सम्बन्धी जानकारी किसानलाई प्रदान गरिनेछ । सोही आधारमा उपयुक्त मलखाद प्रयोग, बाली छनोट तथा उत्पादन वृद्धि गर्ने उपायबारे परामर्श दिइने उनले बताए । उनले बाँकेमै माटो परीक्षण प्रयोगशाला भए पनि धेरै किसान जानकारीको अभावमा सेवा लिनबाट वञ्चित रहेको उल्लेख गर्दै यस्ता शिविरले किसानमा जनचेतना फैलाउन मद्दत पुगेको बताए ।

कृषि विकास शाखा प्रमुख कल्पना नेपाली ले माटो परीक्षण आधुनिक र वैज्ञानिक खेतीको आधार भएको बताए । उनका अनुसार माटोको गुणस्तर पहिचान गरेर खेती गर्दा उत्पादन लागत घट्नुका साथै बाली उत्पादनमा वृद्धि हुने गर्दछ । उनले माटो परीक्षणबाट माटोमा कुन पोषक तत्वको कमी छ भन्ने पहिचान गर्न सकिने र सोही अनुसार मलखाद प्रयोग गर्न मिल्ने बताए । साथै माटो अम्लीय, क्षारीय वा तटस्थ कुन अवस्थामा छ भन्ने जानकारी प्राप्त भएपछि सुधारका उपाय अपनाएर दीर्घकालसम्म माटोको उर्वराशक्ति जोगाउन सकिने उनको भनाइ छ ।

कृषि शाखाले अझै पनि धेरै किसान परम्परागत खेती प्रणालीमै निर्भर रहेको र माटो परीक्षणप्रति पर्याप्त चेतना नपुगेको जनाएको छ । यही कारण किसानलाई वैज्ञानिक खेतीतर्फ प्रेरित गर्न तथा माटो परीक्षणको महत्व बुझाउन शिविर आयोजना गरिएको बताइएको छ ।

स्थानीय किसानहरूले पनि यस्ता कार्यक्रमले खेतीपातीमा सुधार ल्याउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् । उनीहरूले भविष्यमा पनि नियमित रूपमा माटो परीक्षण तथा कृषि प्रविधिसम्बन्धी तालिम सञ्चालन गर्न माग गरेका छन् ।

# बजेट कार्यान्वयन अवस्था प्रभावकारी बनाउन मुख्यमन्त्रीको निर्देशन

❒ काँक्रेविहार संवाददाता
सुर्खेत, २५ वैशाख

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले विकास साझेदार संस्थालाई कर्णालीका लागि प्राप्त बजेट प्रभावकारी रूपमा उपयोग गर्न आग्रह गरेका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बिहीबार आयोजना गरेको समन्वय बैठकमा उनले कर्णालीको गरिबी, अशिक्षा, बेरोजगारी र अभाव हटाउन लक्षित कार्यक्रमले प्रदेशको सूचकाङ्कमा वास्तविक सुधार ल्याउनुपर्ने बताए ।

उनले विकास साझेदार संस्थालाई एउटै क्षेत्रमा दोहोरो कार्यक्रम नगरी फरक-फरक स्थानमा नमुनायोग्य काम गर्न सुझाव दिए ।



साना-साना काम धेरै ठाउँमा छरिनु भन्दा एउटै स्थानमा प्रभावकारी र दीर्घकालीन पहिचान दिने परियोजना सञ्चालन गर्नु आवश्यक छ, उनले बताए । मुख्यमन्त्री कँडेलले भौगोलिक रूपमा जटिल कर्णालीमा विकास साझेदार संस्थाको योगदान महत्त्वपूर्ण रहेको उल्लेख गर्दै आगामी दिनमा अझ समन्वयात्मक र परिणाममुखी काम हुने अपेक्षा व्यक्त गरे । उनले प्रदेश सरकारको नीति तथा योजनालाई सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गर्न आग्रह गर्दै सरकार र साझेदारबीच सहकार्य अपरिहार्य रहेको बताए ।

बैठकमा कर्णाली प्रदेशका प्रमुख सचिव वीरेन्द्रकुमार यादव ले पनि विकास साझेदार संस्थालाई प्रदेश सरकारसँग समन्वय गरेर एकीकृत ढंगले काम गर्न आग्रह गरे । उनले कर्णालीमा कार्यरत दुई दर्जनभन्दा बढी संस्थाले सञ्चालन गरेका कार्यक्रमबाट प्रदेशको समग्र अवस्थामा सकारात्मक परिवर्तन आउनुपर्ने धारणा राखे ।

कार्यक्रममा २३ वटा विकास साझेदार संस्थाले आफ्नो बजेट, कार्यक्षेत्र, उपलब्धि र चुनौतीबारे प्रस्तुति दिएका थिए । विश्व स्वास्थ्य सङ्गठन, अन्तर्राष्ट्रिय श्रम सङ्गठन, विश्व खाद्य कार्यक्रम लगायत संस्थाले कर्णालीमा भौगोलिक कठिनाइ, दक्ष जनशक्तिको अभाव, न्यून बजेट, नीति-नियमको जटिलता र परम्परागत सोचजस्ता चुनौतीका कारण विकास कार्यक्रम प्रभावित भएको बताएका थिए ।

## माग...

हुनेछन् ।

प्रदर्शनमा सहभागीहरूले दैनिक ज्यालादारी मजदुरी गरेर परिवार पाल्दै आएको अवस्थामा घर गुमेपछि रोजगारी, बालबालिकाको शिक्षा र आधारभूत जीवनयापनसमेत संकटमा पर्ने बताएका छन् ।

"पहिले बस्ने ठाउँको व्यवस्था गरियोस्, त्यसपछि मात्रै हटाउने प्रक्रिया अघि बढोस" भन्ने उनीहरूको मुख्य माग रहेको छ ।

आन्दोलनरत पक्षले सरकारले वास्तविक भूमिहीन र अव्यवस्थित बसोबासीको अवस्था अध्ययन नगरी एकतर्फी रूपमा संरचना हटाउने तयारी गरेको आरोप लगाएको छ । उनीहरूले पुनःस्थापनाको स्पष्ट नीति नल्याए थप सशक्त आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

उता प्रशासनले भने सार्वजनिक तथा सरकारी जमिन संरक्षणका लागि कानुनी प्रक्रिया अघि बढाइएको जनाएको छ । सुर्खेतमा २०७८ सालसम्म भूमिहीन सुकुमबासी, दलित तथा अव्यवस्थित बसोबासी गरी १४ हजारभन्दा बढी परिवार रहेको तथ्यांक छ । तीमध्ये धेरैले अझै लालपुर्जा नपाएको अवस्थामा अहिलेको हटाउने अभियानले ठूलो सामाजिक समस्या निम्त्याउने स्थानीयको चिन्ता छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/१/२६**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री उषाकुमारी भारती समेत ३ जना** धनी रहेको, **दर्ता नम्बर** १४२५२/०८१/०८२ बाट **वीरेन्द्रनगर न.पा.-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **यू. आर.जे होजियारी तथा गार्मेन्ट उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

# मनसुन अवधिमा सरदरभन्दा वर्षा कम र तापक्रम बढ्ने पूर्वानुमान

❒ काँक्रेविहार संवाददाता
काठमाडौं, २५ वैशाख

जल तथा मौसम विज्ञान विभागले यस मनसुनमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ । आज विभागले राष्ट्रिय मनसुन फोरम कार्यक्रममार्फत उक्त प्रक्षेपण सार्वजनिक गरेको हो । मनसुनको ऋतुगत अवस्थाबारे प्रस्तुतीकरण दिँदै जल तथा मौसम विज्ञान विभागका मौसमविद् सुदर्शन हुमागाईँले आगामी मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना रहेको बताए ।

उनले आगामी जेठ १८ देखि असोज १४ सम्म रहने मनसुनमा अधिकांश भूभागमा सरदरभन्दा कम वर्षा हुने तथा अधिकतम र न्यूनतम तापक्रम भने देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको जानकारी दिए । उनका अनुसार विभागले विश्व मौसम सङ्गठनअन्तर्गत विश्व तथा क्षेत्रीय जलवायु सूचना उत्पादन केन्द्रहरूको हावापानी प्रारूप, दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्च (सास्कोफ) लगायतका अन्तरराष्ट्रिय जलवायु मोडेलहरूको विश्लेषणका आधारमा मनसुनको ऋतुगत आँकलन तयार गरेको हो ।

आकलनमा पूर्वी प्रशान्त महासागरमा विकसित हुने एल-निनो साउदर्न ओस्सिलेसन (इएनएसओ), हिन्द महासागरमा विकसित हुने इन्डियन ओसन डाइपोल (आइओडी), युरोप तथा एसियामा हिउँद र प्रिमनसुन अवधिमा परेको हिमपात तथा अन्तरऋतु परिवर्तनशीलताका कारकलाई समेत आधार बनाइएको विभागले जनाएको छ । हाल प्रशान्त महासागरमा इएनएसओ तटस्थ अवस्थामा रहे पनि एल-निनोतर्फ उन्मुख रहेको तथा हिन्द महासागरमा विकसित हुने आइओडी पनि अहिले तटस्थ अवस्थामा रहेको हुमागाईँले बताए । उनका अनुसार आगामी मनसुनको अन्त्यसम्ममा आइओडी सकारात्मक अवस्थामा पुग्ने सम्भावना विभिन्न विश्वव्यापी जलवायु मोडेलहरूले देखाएका छन् यद्यपि, ऋतुगत जलवायु समुद्री तथा वायुमण्डलीय प्रणाली, भूउपयोगलगायत विविध कारकमा निर्भर रहने भएकाले जलवायु प्रारूपहरूलाई शतप्रतिशत विश्वसनीय मान्न कठिन हुने उनले स्पष्ट पारे । गत वर्षको मनसुनको समीक्षा गर्दै उनले विभागले २०८२ सालको मनसुनमा अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने आकलन गरे पनि देशका धेरैजसो केन्द्रमा सरदरभन्दा कमदेखि सरदर वर्षा मापन भएको जानकारी दिए । केही स्थानमा भने सरदरभन्दा बढी वर्षा भएको थियो । तापक्रमतर्फ भने विभागको आँकलनअनुसार नै अधिकांश स्थानमा सरदरभन्दा बढी अधिकतम तथा न्यूनतम तापक्रम रेकर्ड भएको उनले बताए । विभागका अनुसार यस वर्ष कर्णाली प्रदेशका दक्षिणी भूभाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेस प्रदेशका पूर्वी भूभाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ ।

त्यस्तै, सुदूरपश्चिम प्रदेशका अधिकांश भूभाग, मधेस प्रदेशका पश्चिमी भूभाग तथा कोशी प्रदेशका मध्य भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ । कर्णाली र कोशी प्रदेशका उत्तरी भूभागमा भने सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको बताइएको छ ।

बाँकी अधिकांश क्षेत्रमा सरदरभन्दा कम वर्षाको सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागको आँकलन छ ।

घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौँ ।

हुलाक निर्देशनालय, सुर्खेत
सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)